# विद्यालयमा दिवा खाजा कार्यक्रमले बालबालिकाको भर्ना र नियमिततामा पारेको प्रभाव

*नारायणप्रसाद अधिकारी*
*उप-प्राध्यापक*
*त्रि.वि., शिक्षाशास्त्र केन्द्रीय विभाग, कीर्तिपुर*
*adhikari_np@yahoo.com*

**लेखसार**

*प्रस्तुत अध्ययन विद्यालयमा दिवा खाजा कार्यक्रमले बालबालिकाको भर्ना र नियमिततामा पारेको प्रभाव विषयमा गरिएको हो । यस अध्ययनको मुख्य उद्देश्य दिवा खाजा कार्यक्रमले बालबालिकाको भर्ना र विद्यालय नियमिततामा पारेको प्रभाव खोजी गर्नु रहेको छ । यो अध्ययन दाङ जिल्लाको घोराही उपमहानगरपालिकाअन्तर्गत रहेका २ वटा विद्यालयमा आधारित छ । यसमा गुणात्मक अनुसन्धान ढाँचा प्रयोग गरिएको छ । यस अध्ययनमा विशेष गरी प्राथमिक सूचनाहरू प्रश्नावली, प्रत्यक्ष अवलोकन, समूह छलफल, अन्तर्वार्ता  जस्ता विधि र साधनहरूको प्रयोग गरी सामग्री सङ्कलन गरिएको छ भने द्वितीय सूचना तथा जानकारीहरू लेख, रचना, विद्यालय तथ्याङ्क फारम, शोधपत्र, विद्यार्थी हाजिरी रजिस्टर, विद्यार्थी विवरण अभिलेख तथा विभिन्न अध्ययन प्रतिवेदनहरूबाट सङ्कलन गरिएको छ । प्राप्त सूचनाहरूलाई अर्थ र बुझाइको आधारमा अध्ययनकर्ताको प्रतिबिम्बसहित निष्कर्ष निकालिएको छ । विद्यालयमा दिवा खाजा कार्यक्रममा पूरा गर्नुपर्ने न्यूनतम् मापदण्ड पूरा  नगरी कार्यान्वयन गरिएकाले यसको प्रभावकारिता देखिएन । विद्यार्थी भर्ना र विद्यालय नियमिततामा हुने बानी विकासमा यस कार्यक्रमले सकारात्मक प्रभाव पारेको देखिन्छ । तर शिक्षाको मूलधारमा सबै बालबालिकालाई ल्याउने उद्देश्य हासिल गर्न भने सकेको पाइएन । यस कार्यक्रमको कार्यान्वयनमा आन्तरिक व्यवस्थापन पक्ष फितलो र कमजोर रहेको पाइयो । नेपाल सरकार र विश्व खाद्य कार्यक्रमको सम्झौताअनुसार निर्धारित नीति, नियम र निर्देशनको आंशिक कार्यान्वयन भएको र यो कार्यक्रम बालबालिकाको सिकाइ सिपसँग जोडिन नसकेको  देखियो । विद्यालयहरूको कमजोर भौतिक संरचनाका कारण दिवा खाजा कार्यक्रमलाई व्यवस्थित,  प्रभावकारी र बालमैत्री  बनाउने अवधारणा लागु हुन नसकेको पाइयो । यस कार्यक्रममा ढुवानी, भण्डारण र वितरण प्रणालीमा समस्या रहेको साथै*

*अपारदर्शिता, खाद्यको गुणस्तरीयता, साझेदार निकायहरूबिच निरन्तर सञ्चार, सम्बन्ध, सहकार्य, समन्वय, सम्बन्धित निकायबाट नियमित अनुगमन र सुपरिवेक्षणको अभाव जस्ता पक्षहरू समस्याको रूपमा देखिएका छन् । यस कार्यक्रममा देखिएका समस्याहरूलाई सम्बन्धित निकायले निरन्तर अनुगमन र सुपरिवेक्षण गरी समाधान गर्नुपर्दछ । यसका साथै कार्यक्रममा लागि दिइने अनुदान समयअनुसार ज्यादै न्यून भएकाले कम्तीमा प्रति विद्यार्थी रु. ३० का दरले अनुदान प्रदान गरी कार्यक्रमलाई निरन्तरता दिनुपर्ने देखिन्छ ।*

**शब्दकुन्जी :** विद्यालय, दिवा खाजा कार्यक्रम, भर्ना, नियमितता, बालमैत्री, कुपोषण ।

## अध्ययनको पृष्ठभूमि

मानव सभ्यताको विकाससँगै शिक्षाको विकास भएको हो । ढुङ्गे युगमा खाना प्राप्त गर्ने ज्ञान नै शिक्षा थियो । प्राचीन कालमा मोक्ष्य प्राप्त गर्नुलाई ज्ञान मानिन्थ्यो । मध्यकालमा धार्मिक ज्ञान हासिल गर्नुलाई नै शिक्षा मानिन्थ्यो । आधुनिक युगमा विज्ञान प्रविधिको ज्ञानसँगै व्यक्तिको अन्तर्निहित प्रतिभाको विकास गर्ने र दक्ष मानव संसाधनको आवश्यकता पूरागर्ने माध्यम  तथा जीवनपर्यन्त चालिरहने प्रक्रियाको रूपमा शिक्षालाइ लिइन्छ (शर्मा, २०६८) । नेपालमा संस्थागत रूपमा शिक्षा दिने कार्यको थालनी वि.सं. १९१० मा दरवार स्कुलको स्थापनाबाट सुरु भएको हो । गुरुकूल शैक्षिक पद्धतिमा गुरुको सर्वोच्चतामा आधारित शिक्षण पद्धति थियो । संस्थागत रूपमा विद्यालय स्थापना भइसकेपछि पाठ्यक्रममा आधारित शिक्षक केन्द्रित पद्धति, विद्यार्थी केन्द्रित पद्धति हुँदै बालमैत्री शिक्षा पद्धति विकास भएको पाइन्छ (शिक्षा विभाग, २०७०) ।

नेपालमा शिक्षाको विकासका लागि विभिन्न अभ्यास र प्रयासहरू भएका छन् । यी प्रयासहरूले गर्दा अहिलेसम्म ३४,१७४ वटा बालविकास केन्द्रहरू, ३४,७८२ वटा विद्यालयहरू ३६० वटा प्राविधिक शिक्षालयहरू, १,१३४ वटा उच्च शिक्षा दिने संस्थाहरू सञ्चालनमा रहेका छन् । यसका साथै ९५.३ प्रतिशत बालबालिका विद्यालयमा रहेको अवस्था छ भने ४.७ प्रतिशत बालबालिकाहरू विद्यालयबाहिर रहेका छन् (शिक्षा मन्त्रालय, २०७०) । ती बालवालिकाहरूलाई विद्यालयभित्र ल्याउनु र टिकाइराख्न गरिएका विभिन्न प्रयासहरूमध्ये विद्यालयको दिवा खाजा कार्यक्रम महत्त्वपूर्ण प्रयास हो । यस कार्यक्रमको मुख्य अभिप्राय खासगरी कक्षा १-५ सम्मका बालबालिकाहरूको भर्ना दर वृद्धि गर्ने, विद्यालयमा बालबालिकालाई टिकाइ राख्ने, बालमैत्री सिकाइ व्यवस्थापन गर्ने

जस्ता महत्त्वपूर्ण पक्षहरू रहेका छन् ।

विश्व खाद्य कार्यक्रमको आर्थिक सहयोगमा शिक्षाका लागि खाद्य कार्यक्रमअन्तर्गत नेपाल सरकारले विभिन्न सरकारी तथा गैरसरकारी निकायहरू मार्फत् आ.व. २०६४/०६५ देखि कर्णाली अञ्चलका ५ वटै जिल्लाका सामुदायिक विद्यालयहरूमा तथा आ.व. २०६५/०६६ मा अन्य जिल्लाहरूमा दिवा खाजा कार्यक्रमको विस्तार गरेको छ (शर्मा, २०६८) । नेपाल सरकारले सामुदायिक विद्यालयको आधारभूत तह (कक्षा १-५) मा विद्यार्थी भर्ना दर वृद्धि गर्न, शिक्षण सिकाइमा प्रभावकारिता हासिल गर्न, विद्यालय समयमा विद्यार्थीको टिकाउपन बढाउन, पोषण र स्वास्थ्य स्थितिमा सुधार तथा बालमैत्री सिकाइ व्यवस्थापन जस्ता पक्षहरूमा सुधार ल्याउन दिवाखाजा कार्यक्रम लागु गरिएको हो (शिक्षा मन्त्रालय, २०७०) । यस कार्यक्रमको थालनीबाट जति आशा गरिएका पक्षहरू थिए ती सबै पूरा भने भएको पाइँदैन ।

विश्व अहिले सबैका लागि शिक्षा र सहश्राब्दी विकास लक्ष्य प्राप्तितर्फ क्रियाशील रहेको छ । नेपालले पनि त्यस लक्ष्य प्राप्तिमा हस्ताक्षर गरी प्रतिबद्धता जनाएको छ । सहश्राब्दी विकास लक्ष्यमध्ये १, २ र ४ नं. का लक्ष्यहरू बालबालिकाको शिक्षा, स्वास्थ्य र दिवा खाजा कार्यक्रमसँग सम्बन्धित रहेका छन् । सहश्राब्दी लक्ष्य नं. १ मा सन् २०४५ सम्ममा भोकमरी र गरिबी आधा घटाउने लक्ष्य राखिएकोमा केही प्रगति भए पनि उक्त अवधिसम्ममा गरिबी र भोकमरीका कारण प्रति ८ जना बालबालिकाहरूमा १ जना भोकभोकै विस्तारामा सुत्ने गरेको, पेटभरी खान नपाएकै कारण शरीरमा आवश्यक पोषक तत्त्वको कमीले ५ वर्षमुनिका प्रति ६ जनामा १ जना कम तौल भएको र प्रति ४ जनामा १ जना बच्चा कम उचाइ भएको तथ्य सार्वजनिक गरिएको छ (सिंह, २०७१) । लक्ष्य नं. २ मा सन् २०१५ सम्ममा आधारभूत शिक्षालाई सर्वसाधारणको पहुँचमा पुऱ्याउने लक्ष्यअनुसार अझैँ पनि २७ लाख बालबालिका सन् २०१५ सम्ममा विद्यालयबाहिर रहेका देखिन्छन् । लक्ष्य नं. ४ मा सन् २०१५ सम्ममा बाल मृत्युदरमा कमी ल्याउन ५ वर्ष मुनिका बालबालिकामध्ये ३५ प्रतिशत बालबालिका कुपोषणका कारण मृत्यु हुने उल्लेख छ (पूर्ववत्) । त्यसैगरी संसारका ८४२ लाख भोकाहरूमध्ये ६६ लाख प्राथमिक उमेर समूहका बालबालिका भोकै विद्यालयमा रहनुपर्ने बाध्यता छ (रावल, २०७२) ।

विश्व खोप कार्यक्रम (सन् २०१३) ले गरेको अध्ययनअनुसार पूर्वी एसियाली देशका १२७ लाख बालबालिकाहरूले विद्यालयमा दिवा खाजा कार्यक्रमको उपभोग गरेको र

नेपाल पनि यसै तथ्याङ्कभित्र समावेश रहेको छ । नेपालमा पनि आधारभूत तहमा अध्ययनरत बालबालिकाहरूमध्ये केही बालबालिका भोकमोकै विद्यालय जानुपर्ने अवस्था छ । कतिपय आधापेट खाई जानुपर्ने बाध्यताका कारण पूरा समय विद्यालयमा बस्न नसकी दिउँसै भागेर वा विदा मागेर घर फर्किनेजस्ता समस्याहरू कायमै रहेको छ । यस अवस्थाका बालबालिकाको भर्नादर बढाउने र पूरा समय विद्यालयमा टिकाइराख्न दिवा खाजा कार्यक्रमले कस्तो सहयोग गरेको छ भन्ने अभिप्रायले यो अध्ययन गरिएको हो ।

## सम्बन्धित साहित्यको पुनरावलोकन

साहित्यविना सिद्धान्त निर्माण हुन सक्दैन र अनुसन्धान कार्य अधुरो हुन्छ । अनुसन्धान कार्यलाई व्यवस्थित र तथ्यपूर्ण बनाउन पूर्वस्वीकृत तथ्य वा सिद्धान्तको आधार लिनुपर्ने हुन्छ । प्रमाणित तथ्यको सहयोगबाट नै नयाँ मुद्दा र समस्या समाधानको विकल्प खोज्न सम्भव र सान्दर्भिक हुन्छ । यसले अनुसन्धानकर्तालाई जोखिम कम गर्न र बाँकी समस्याका बारेमा आफ्नो अध्ययन कार्यलाई निष्कर्षमा पुऱ्याउँन मद्दत गर्दछ । यही मान्यताका आधारमा अध्ययनको विषयसँग सम्बन्धित मिल्लाजुल्दा साहित्यको पुनरावलोकन गरिएको छ ।

शर्मा (२०६८) ले प्राथमिक विद्यालयमा कक्षा छाड्ने र कक्षा दोहोऱ्याउने प्रमुख कारण अभिभावकको आर्थिक स्थिति कमजोर हुनु, भोकको कारण दिउँसै कक्षाबाट भाग्नु, परीक्षामा फेल हुनुजस्ता कारणहरू रहेको उल्लेख गरेका छन् । उनले कक्षा १ मा भर्ना भएका करिव १९ प्रतिशत बालबालिकाहरूले शैक्षिक सत्रको बिचैमा कक्षा छाड्ने गरेको र ४१ प्रतिशतले अर्को वर्ष सोही कक्षा दोहोऱ्याउने गरेको, कक्षा १ मा भर्ना भएका ४० प्रतिशत बालबालिका मात्र कक्षा २ मा भर्ना हुने गरेको र बाँकी ६० प्रतिशत बालबालिकाहरू कक्षा दोहोऱ्याउने वा कक्षा छाड्ने गरेको तथ्य उल्लेख गरेका छन् । जनसङ्ख्या विभाग (सन् २०११) का अनुसार नेपालमा एक तिहाइभन्दा बढी बालबालिकाको मृत्युको मुख्य कारण न्यून पोषक तत्त्व भएको, यसले मस्तिष्क र शारीरिक विकासमा अवरोध उत्पन्न भई कम आयुका हुने, कुपोषणजन्य रोगबाट संक्रमित हुने र भविष्यमा सुधार गर्न नसकिने, दीर्घ पुड्कोपनबाट सिकार हुने साथै आर्थिक दृष्टिकोणले कम उत्पादनशील हुनेजस्ता समस्या औंल्याएका छन् ।

अधिकारी (२०७०) ले कुनै पनि मुलुकको सामाजिक आर्थिक स्तर, भौगोलिक परिस्थिति र मानिसको आधारभूत आवश्यकताको आधारमा प्रत्येक दिन व्यक्तिले प्रयोग गर्ने खाद्यान्न २२५६ किलो क्यालोरी आवश्यक पर्ने, औसतमा ११ मिटर कपडाले शरीर

ढाक्ने पोसाक हुनुपर्ने, प्राथमिक उमेर समूहका सम्पूर्ण बालबालिकाहरूलाई शिक्षाको पहुँच पुऱ्याउनु पर्ने, नागरिक दैनिक सुरक्षाको प्रत्याभूति दिलाउनुपर्ने र एउटा परिवारको लागि ३० वर्ग मिटर क्षेत्रफलको उपयुक्त आवास हुनुपर्ने उल्लेख गरेका छन् । यसले बालबालिकाको शिक्षा, स्वास्थ्य, पोषण र सुरक्षाजस्ता आधारभूत आवश्यकताको सुनिश्चित गर्दछ र राष्ट्रिय मूलधारबाट विचलित हुन दिँदैन भनेका छन् ।

राष्ट्रिय योजना आयोगको अध्ययन प्रतिवेदन (२०६९) का अनुसार बालबालिकाको पोषण स्थितिमा सुधारका लागि खाद्यान्नको परिणाम जति महत्त्वपूर्ण छ त्यति नै त्यसको गुणस्तरीयतामा ध्यान दिनु जरुरी छ । विभिन्न मुलुकको स्वास्थ्य सर्वेक्षणको तुलनात्मक अध्ययनले खाद्यान्नका अलवा परिवारको शिक्षा, सामाजिक संरचना, धार्मिक विश्वास, सांस्कृतिक मान्यता जस्ता पक्षहरूले पनि बालपोषण तथा स्वास्थ्य स्थितिमा प्रत्यक्ष प्रभाव पार्ने कुरा सार्वजनिक गरेका छन् (सि.एस.ए.एन.एन, सन् २०१४) ।

यसैगरी पण्डित (सन् २०१४) का अनुसार व्यक्तिको स्वास्थ्यमा सामान्य तथा जटिल रोग लाग्नु, स्वास्थ्यमा विचलन आउनु र व्यक्ति स्वस्थकर नहुनुको सम्बन्ध व्यक्तिले प्रयोग गर्ने खाद्यवस्तु र त्यसबाट प्राप्त पोषण तत्त्वसँग जोडिएको हुन्छ । मानिसले सन्तुलित र गुणस्तरीय खाद्यान्नको प्रयोग नगर्नुका कारण कमजोर आर्थिक अवस्था, स्वास्थ्य तथा पोषणसम्बन्धी चेतनाको कमी, अशिक्षा, गरिबी र परम्परागत मान्यता प्रमुख रहेको उल्लेख गरेका छन् ।

अमात्य सेन (सन् २०००) ले समाजमा सामाजिक न्याय प्रत्याभूत गर्न व्यक्ति अनिकाल, भोकमरी, कुपोषणको अन्त्य हुनुपर्ने, शिक्षा र स्वास्थ्यको प्रत्याभूति हुनुपर्ने, महिला र पुरुषबिच समानता, राजनैतिक उदारता र नागरिक अधिकारजस्ता विषयमा नागरिक सक्षम हुनुपर्ने, वैयक्तिक उपयोगिताका लागि सुखी, खुसी, सम्पत्तिको वास्तविक हकदार, अधिकारको पूर्ण उपयोग र स्वतन्त्रतालाई व्यक्तिका प्राथमिक आवश्यकताका रूपमा परिभाषित गरिनुपर्दछ भनेका छन् (उद्धृत काफ्ले र ढकाल, २०६९) ।

आत्रेय (सन् २०१४) ले विद्यालयमा बालबालिकाले नियमित रूपमा खाजाको प्रयोग नगर्नु, अधिकांश बालकालिकाले जंकफुडको प्रयोग गर्नु, बालबालिकाको खानपिनमा अभिभावक सचेत नहुनु, बालबालिकाले खाजा खानुपूर्व नियमित हात नधुनु जस्ता समस्या रहेको उल्लेख गरेका छन् । त्यसैगरी भट्टराई र भट्टराई (२०७१) ले पसलहरूमा पाइने जंकफुड भन्दा स्थानीय स्तरमा पाइने कोदो, गहुँ, फापर, भटमास, आलु, तरुल, चामलको खाजा स्वस्थकर र हितकर हुने भएकाले बालबालिकालाई त्यसको खाजा बनाइ

खुवाउनुपर्ने सिफारिस गरेका छन् ।

सन् १९९५ मा भारत सरकारले प्राथमिक विद्यालयमा बालबालिकाको पहुँच बढाउन विद्यालय खाजा कार्यक्रम लागु गऱ्यो । यस कार्यक्रमको लागि अनुदान दिएर दिवा खाजा कार्यक्रम सञ्चालन गरेको थियो । यस कार्यक्रमको प्रभावकारिता अध्ययनका लागि सन् २००४ मा सामाजिक-आर्थिक सर्वेक्षण गरियो । विद्यालयमा दिवा खाजा खुवाउने कार्यक्रमले विद्यार्थी भर्ना दर बढाउन र निम्न सामाजिक-आर्थिक पृष्ठभूमिका वर्ग र समुदायका निमित्त निकै लाभदायी भएको र क्रमश: अन्य सबै राज्यहरूमा पनि यो कार्यक्रम लागु गर्नुपर्ने निष्कर्ष दिएको थियो (Afridi, 2007) ।

विश्वव्यापी रूपमा शिक्षामा प्राथमिकीकरण गरिए पनि तथ्याङ्कअनुसार हाल ६९ लाख बालबालिका प्राथमिक विद्यालयमा अझै भर्ना हुन सकेका छैनन् । त्यसमा पनि आधा बालबालिकाहरू अफ्रिकामा रहेको र एक चौथाइ बालबालिकाहरू दक्षिण एशियामा रहेको पाइन्छ (United Nations, 2010) ।

विकासोन्मुख देशहरूमा विद्यालयमा बालबालिकाको भर्ना दर सन् १९९८ देखि ८२ प्रतिशत बाट ८९ प्रतिशत  बढेको छ । यो दर अझैं बढाउन गहन मूल्याङ्कन र नीतिगत कार्यमा जोड दिनुपर्ने, न्यून आय भएका र सीमान्तकृत बालबालिकाहरूको लागि आर्थिक बाधाहरू निराकरण गर्नुपर्ने, विद्यालयमा लाग्ने शुल्क हटाउनुपर्ने, दुर्गम क्षेत्रका बालबालिकाहरूको लागि यातायातको व्यवस्था गर्नुपर्ने साथै समग्रमा कक्षाकोठाको गुणस्तर सुधार गर्नुपर्ने र विद्यालयमा खाजा कार्यक्रमको प्रावधान राखिनुपर्ने उल्लेख गरिएको छ (United Nations, 2011) ।

विद्यालयमा बालबालिकालाई पढाउने निर्णय साकार पार्न प्रत्येक घरधुरीका लागि लगानी गर्ने निर्णय महत्त्वपूर्ण हुन्छ । यसका लागि लागत प्रभावकारिता खाका (Cost-benefit framework) मा ध्यान दिनुपर्दछ (Dreze & Kingdon, 2001) । यस खाकाअनुसार सबैभन्दा पहिले विद्यालयमा लगानीको दर बढाउनु पर्छ । प्रत्यक्ष लागतअन्तर्गत यातायात, पाठ्यपुस्तक, खाना, अन्य कक्षा शुल्कमा सरकारले लगानी गर्नुपर्दछ । यस अवसर लागतको प्रत्यक्ष प्रभाव बालबालिका र उसको परिवारमा पर्न जान्छ । Dreze & Kingdon (2009) को अध्ययनले उच्च आय भएका अभिभावक र बच्चाको शिक्षाप्रतिको चाहना र उत्प्रेरणा बढी भएको र न्यून आय भएका अभिभावक र बच्चाको विद्यालयप्रतिको चाहना र उत्प्रेरणा न्यून भएको निष्कर्ष दिएको छ ।

## समस्याको कथन

नेपालमा दुर्गम पिछडिएका बस्तीहरूमा खाद्यान्न अभावका कारण बालबालिका विद्यालयको पहुँचभन्दा टाढा रहेका छन् र विद्यालयमा प्रवेश गरेका बालबालिकाहरूलाई पनि विद्यालयको निर्धारित समयसम्म टिकाइ राख्ने चुनौती रहेको छ । प्राथमिक विद्यालयको खुद विद्यालय भर्ना दर ९४.५ प्रतिशत पुगे तापनि ५.५ प्रतिशत बालबालिकाहरु अझै विद्यालयको पहुँचभन्दा बाहिर रहेका छन् । ती बालबालिकालाई विद्यालयभित्र ल्याउन राज्यबाट सबैका लागि शिक्षा तथा सहश्राब्दी विकास लक्ष्य जस्ता राष्ट्रिय कार्यक्रम सञ्चालन भइरहेका छन् । ती कार्यक्रममध्ये दिवा खाजा कार्यक्रम एउटा महत्त्वपूर्ण कार्यक्रम हो । विद्यालयमा खाजा खान पाइन्छ रे भन्ने खुसीले विद्यालय जान नचाहने बालबालिका विद्यालयमा प्रवेश त गरेका छन् तर पूरा समय विद्यालयमा बिताउन नसकेको अवस्था छ । केही बालबालिकाले अभिभावकहरूको अशिक्षा र गरिबीका कारण त्यो सुविधा प्राप्त गर्न सकेका छैनन् । दिवा खाजा कार्यक्रमले बालबालिकाको सिकाइ प्रक्रियाका कुन-कुन पक्षमा सहयोग गरेको छ भन्ने विषय अनुसन्धान भएको पाइँदैन ।

दिवा खाजा कार्यक्रम एउटा उत्प्रेरणामूलक कार्यक्रम भएकाले विद्यालयमा यसको प्रभावकारी व्यवस्थापन गरी लक्षित वर्गसम्म पुऱ्याउनु सबै सरोकारवालाहरूको दायित्व हो । यसै सन्दर्भमा दाङ जिल्लामा दिवा खाजा कार्यक्रम लागु भएका २ वटा विद्यालयलाई छनोट गरी लक्षित वर्गसम्म पुग्न सकेको छ कि छैन साथै यस कार्यक्रमले बालबालिकाको भर्ना दर र विद्यालय नियमिततामा कस्तो प्रभाव पारेको छ भन्नेजस्ता प्रश्नहरूको जवाफ खोज्न यो अध्ययन गरिएको हो ।

## अध्ययनको उद्देश्य

यस अध्ययनका उद्देश्यहरू यस प्रकार छन् :

१. विद्यालयमा दिवा खाजा कार्यक्रम व्यवस्थापनको अवस्था पत्ता लगाउनु,

२. दिवा खाजा कार्यक्रमले बालबालिकाको भर्ना र विद्यालय नियमिततामा पारेको प्रभाव पहिचान गर्नु,

३. दिवा खाजा कार्यक्रमलाई प्रभावकारी बनाउने उपायहरू खोजी गर्नु ।

## अध्ययन विधि र प्रक्रिया

अनुसन्धान कार्यलाई योजनाबद्ध र व्यवस्थित तरिकाले सम्पन्न गर्नका लागि अवलम्बन गरिने प्रक्रिया नै अध्ययन विधि हो । गुणात्मक अनुसन्धान सङ्ख्या भन्दा शब्दहरूको अर्थ र बुझाइसँग बढी सम्बन्धित हुन्छ (Cresswell, 2012) । Pant (2009) काअनुसार सामान्यतया गुणात्मक अनुसन्धानमा तथ्याङ्कहरुको विश्लेषण तथ्याङ्क सङ्कलन पछि मात्र सुरु गरिन्छ र यो अनुसन्धानकर्ता केन्द्रित क्रियाकलाप पनि हो । गुणात्मक अनुसन्धान प्राकृतिक अनुसन्धान हो । यसले समस्याको प्राकृतिक अवस्थामा नै रहेर विस्तृत र प्रत्यक्ष अध्ययन गर्छ (खनाल, २०७०) । खनालले भनेझैं यस अध्ययनमा अवस्था, घटना तथा समस्याको अध्ययन गर्न शाब्दिक रूपमा सङ्कलन गरिएका असाङ्ख्यिक सूचना तथा जानकारीहरूलाई तार्किक विधिबाट विश्लेषण गरी निष्कर्षमा पुगिएकाले अनुसन्धानको ढाँचा गुणात्मक रहेको छ । यस अनुसन्धानमा प्रश्नावली, अन्तर्वार्ता सूची तथा अवलोकन फारम प्रयोग गरी सूचनाहरू सङ्कलन गरिएको छ ।

यो अध्ययन विशेषगरी दाङ जिल्लाको घोराही उपमहानगरपालिकामा दिवा खाजा कार्यक्रम लागु भएका २ वटा विद्यालयहरू वडा नं. ३ मा रहेको रात्री प्रा.वि. बेलुवा र वडा नं. २ मा रहेको सरयु प्रा.वि. सुर्केडाँगीलाई उद्देश्यमूलक नमुना छनोट विधिबाट छनोट गरी अध्ययन गरिएको छ । यस अध्ययनका उत्तरदाताको रूपमा प्रत्येक विद्यालयबाट २/२ जनाका दरले ४ जना शिक्षक, प्रत्येक विद्यालयबाट कम्तीमा १ जना छात्रा पर्ने गरी ३/३ जनाका दरले ६ जना विद्यार्थी र अभिभावकमध्येबाट ३/३ जनाका दरले ६ जनालाई गोलाप्रथाद्वारा छनोट गरिएको छ । यसैगरी दुवै विद्यालयका २ जना प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष २ जनालाई स्वत: नमुना छनोट गरिएको छ । यस अध्ययनमा उत्तरदाताहरूसँग प्रत्यक्ष भेटघाट गरी प्रश्नावलीका माध्यमबाट सूचना सङ्कलन गर्ने कार्य गरिएको छ । सरोकारवालाहरूसँग दिवाखाजा कार्यक्रम बारे समूहगत छलफल, दिवाखाजा विवरणको समयमा त्यसको प्रत्यक्ष अवलोकन गरी प्राथमिक सूचनाहरू सङ्कलन गरिएको छ । त्यसैगरी विद्यालय तथ्याङ्क फारम (Flash I, II) लेखरचना, शोधपत्र, जर्नल, विद्यार्थी हाजिरी रजिस्टर, विद्यार्थी विवरण अभिलेख, जि.शि.का. (साविक) दाङको मुखपत्र, शिक्षाका लागि खाद्य कार्यक्रम परियोजनाबाट प्रकाशित पुस्तक तथा अध्ययन प्रतिवेदनहरू जस्ता द्वितीयक स्रोतहरूको अध्ययन गरी द्वितीयक सूचनाहरू सङ्कलन गरिएको छ । सङ्कलित सूचनाहरूलाई उत्तरदाताको वास्तविकता र प्राकृतिक अवस्थामा बाँधा नपुग्ने गरी प्रशोधन गर्दै तार्किक

एवम् वर्णनात्मक रूपले व्याख्या विश्लेषण गरिएको छ ।

## नतिजाको विश्लेषण

यस अध्ययनमा प्राथमिक र द्वितीयक स्रोतबाट प्राप्त सूचनाहरूलाई अध्ययनको उद्देश्य अनुरूप विभिन्न शीर्षक तथा उपशीर्षकमा विभाजन गरेर व्याख्या विश्लेषण गरिएको छ ।

## विद्यालयमा दिवा खाजा कार्यक्रमको व्यवस्थापन

कुनै पनि कार्यक्रम सञ्चालन र लक्ष्य प्राप्ति गर्न सक्षम, कुशल, पारदर्शी, निष्पक्ष र दूरदर्शी नेतृत्व र व्यवस्थापकको आवश्यकता पर्दछ । दिवा खाजा कार्यक्रम लागु भएका विद्यालयमा त्यसको व्यवस्थापन कसरी गरिएको छ भन्ने विषयमा विभिन्न उपशीर्षकमा तल अध्ययन गरिएको छ :

## खाद्य विवरण

अध्ययनको लागि छनोट गरिएका विद्यालयहरूमा जिल्ला शिक्षा कार्यालय (साविक) बाट शिक्षाका लागि खाद्य कार्यक्रमअनुसार दिवा खाजा कार्यक्रम सञ्चालनका लागि प्रति विद्यार्थी रु. १२/- का दरले चौमासिक अनुदान विद्यालयको खातामा पठाउने गरेको, पहिलो चौमासिक रकम पठाउँदा शैक्षिक सत्रको सुरुमा भर्ना भएका विद्यार्थी विवरणलाई आधार मानि पठाउने गरेको तथा दोस्रो र तेस्रो चौमासिक रकम प्रथम चौमासिक अवधिभर विद्यार्थीको नियमितता प्रमाणित छायाप्रति हेरी पठाउने गरेको पाइयो ।

यसै सन्दर्भमा विद्यालयमा दिवा खाजाको कसरी व्यवस्थापन गरिएको छ भन्ने प्रश्न तत्कालीन स्रोत व्यक्ति विप्लव अधिकारीको प्रतिक्रिया यस्तो पाइयो :

> *जुन विद्यालय सेवा क्षेत्रमा पिछडिएको वर्ग र समुदाय छ, विकट र छरिएको वस्ती छ साथै विद्यालय छाड्ने दर बढी छ त्यस्ता विद्यालयको अनुगमन र सुपरिवेक्षण गरी दिवा खाजा कार्यक्रम लागु गर्न योग्य विद्यालयको छनोट गरिन्छ । छनोटमा परेका विद्यालयलाई निर्धारित मापदण्डको आधारमा सकेसम्म स्थानीय रूपमा उत्पादन हुने खाद्यान्न सामग्रीलाई मिसाएर बनाइएको हलुवा, गहुँको रोटी, मन्वक जस्ता*

*अर्गानिक खाद्यान्न प्रयोग गर्ने सर्तमा सम्झौत गरी खाद्य वितरण तोकी अनुदान दिने व्यवस्था छ ।*

माथिको भनाइसँग प्रा.वि. सुर्केडाँगीका प्र.अ. केशवराज पोखेलको भनाइ मेल खाएको पाइयो । यसबाट जुन विद्यालयमा भर्ना दर कम छ जहाँ पिछडिएको समुदायको बाहुल्यता छ विद्यालय छाड्ने दर बढी छ तोकिएको मापदण्ड पूरा गरी खाजाको व्यवस्थापन गर्ने प्रतिबद्धता भएका विद्यालयलाई प्राथमिकतामा राखी दिवा खाजा कार्यक्रमको व्यवस्थापन गरेको देखिन्छ ।

## खाद्य ढुवानी प्रक्रिया

विद्यालयमा खाजाका लागि अनुदान रकमबाट खाजा तयार गरी बजार वा गाउँघरबाट खाद्य सामग्री दैनिक ज्यालाबाट भरियालाई बोकाएर, गाडीबाट ढुवानी गरेर वा गाउँलेबाट हप्तामा घरपालो (श्रमदान) गरी विद्यालयसम्म पुऱ्याउने गरेको पाइयो । प्रा.वि. बेलुवाका प्र.अ. छमा पराजुलीले "बजार नजिक भएकाले आफै विद्यालयले दैनिक खरिद गरी विद्यालय सहयोगी आफै गएर ल्याउने गरेको, दैनिक खरिद गर्दा खाजाको परिकारमा फरकपन हुने भएकाले विद्यार्थी पनि खुसी हुने गरेको" प्रतिक्रिया दिइन् । यसबाट बजार नजिक हुँदा खाद्य ढुवानी गर्न पैसा, समय र श्रमको बचत हुने गरेको र खाजा कार्यक्रमलाई प्रभावकारी बनाउन सहज भएको पाइयो ।

यसै सन्दर्भमा प्रा.वि. सुर्केडाँगीका प्र.अ. केशवराज पोखेलको धारणा भने फरक पाइयो । उनकाअनुसार:

*विद्यालयमा दिवा खाजा सामग्री दुवानी गरी राख्न झन्झटिलो र सुरक्षाका दृष्टिले गाह्रो भएकाले खाजा व्यवस्थापन समितिको निर्णयअनुसार विद्यार्थीहरूले आ-आफ्नै घरबाट अभिभावकले तयार पारेको खाजा ल्याउने र प्रति विद्यार्थी रु. १२/- का दरले रकम उपलब्ध गराएका छौं । यस निर्णयले सबैले खाजा ल्याउने गरेको र विद्यालय उपस्थिति र टिकाउदर बढेको छ । बच्चा विद्यालयमा उपस्थिति नभएको दिनको रकम नदिने गरेका छौं ।*

यस भनाइबाट के स्पष्ट हुन्छ भने खाजा व्यवस्थापनका तरिकाहरूमा विविधता हुन सक्छ । पैसा पाउने आशाले पनि अभिभावकहरूमा बालबालिकालाई थोरै भए पनि स्वस्थकर खाजा तयार गरी पठाउने गरेको र बच्चा विद्यालयमा उपस्थिति नहुँदा पैसा

घाटा लाग्ने डरले पनि भर्ना र विद्यालय नियमिततामा केही वृद्धि भएको पाइयो ।

## खाद्य गुणस्तर

स्वस्थ शरीर र स्वस्थ मनका लागि गुणस्तरीय खाद्यान्नको आवश्यकता पर्दछ । यसै सन्दर्भमा प्रा.वि. बेलुवाका प्र.अ. छमा पराजुलीलाई तपाईँको विद्यालयमा खुवाइने दिवा खाजाको गुणस्तर कस्तो छ ? भन्ने प्रश्नमा उनको प्रतिक्रिया यस्तो थियो :

> *खाद्य कार्यक्रमबाट वितरण गरिने वा विद्यालय स्वयंले खरिद गर्ने खाद्य सामग्रीमध्ये मकै १३ प्रतिशत, गहुँ ३२.२४ प्रतिशत, भटमास २५ प्रतिशत, चिनी १० प्रतिशत, र खनिज १.७६ प्रतिशत प्राप्त हुने गर्दछ । यस्तो खाद्य प्रति विद्यार्थी ११० ग्रामका दरले दिवा खाजाको रूपमा विद्यालयमा नै तयार गरी खुवाउनुपर्छ । यो स्वास्थ्यका लागि लाभदायक हुन्छ । हामीले यही मापदण्डमा रहेर खुवाउने प्रयत्न गरेका छौं ।*

उल्लिखित भनाइबाट खाद्य गुणस्तर मापदण्डका आधारहरूबारे सरोकारवाला पक्षलाई अभिमुखीकरण तालिम दिएको देखिन्छ । तर व्यवहारमा ती मापदण्ड बालबालिकाहरूका अनुसार पूरा हुन नसकेको पाइयो । अधिकांश विद्यार्थीहरूले खाजा कहिले काँही जलेको र काँचो हुन्छ भने । मिठो खाजा हुँदा सर मेडमले धेरैधेरै खानुहुन्छ र हामीलाई थोरै-थोरै पर्छ । मिठो खाजा नहुँदा दिन हामीलाई धेरै-धेरै पर्छ । यी भनाइहरूले दिवा खाजा कार्यक्रम सर मेडमहरूको लागि आफूले खाजाको जोहो गर्न नपर्ने भएकाले फलदायी भएको देखियो । यसबाट के स्पष्ट हुन्छ भने लक्षित वर्गलाई मध्यनजर गरेर व्यवस्था गरिएको कार्यक्रममा शिक्षक आफैले फाइदा लिने गरेकाले कार्यक्रमको पारदर्शिता र निष्पक्षता नभएको देखियो । यसो हुनुमा सम्बन्धित निकायको अनुगमन र सुपरिवेक्षणमा कमजोरी र वेवास्ता रहेको पाइयो ।

## खाजा भण्डारण

खाद्य सामग्री, भाँडाकुडा तथा औजारहरूलाई चुस्त दुरुस्त र ताजा अवस्थामा नै राख्न अबलम्वन गरिने प्रक्रिया नै भण्डारण हो । खाद्य तत्त्वहरू घाम, पानी, मुसा, चिस्यान जस्ता कारणहरूबाट असर नपरोस् नसडोस् र नकुहियोस् भनेर विद्यालयले खाजा भण्डारणको प्रभावकारी व्यवस्थापन गर्नुपर्ने हुन्छ । यसै सन्दर्भमा अध्ययन क्षेत्रका प्र.अ. र वि.व्य.स.का अध्यक्षसँग प्रतिक्रिया लिँदा प्रभावकारी व्यवस्थापन गर्न नसकिएको स्वीकार गरे । खाजाको लागि मात्र अनुदान आउने, भण्डारणका लीग रकम नआउने र

विद्यालयको आफ्नो आयस्रोत नभएको, विद्यार्थीहरूका लागि कक्षा नपुगिरहेको अवस्थामा छुट्टै भण्डारण कक्ष व्यवस्था गर्न गाह्रो भएको देखिन्छ ।

प्रा.वि. बेलुवाका प्र.अ. छमा पराजुलीले आफ्नो विद्यालय घना वस्ती र बजारको नजिक भएकाले दैनिक खरिद गरी खुवाउने व्यवस्था गरिएकाले भण्डारणको समस्या नरहेको बताइन् । त्यसैगरी प्रा.वि. सुर्केडाँगीका प्र.अ.ले आफ्नो विद्यालयमा कोठाको अभाव, श्रमदानप्रति अभिभावकको कम चासो र राम्रो बजार व्यवस्थाको अभावका कारण विद्यार्थीलाई नै घरबाट दिवा खाजा लिन लगाएको र प्रति विद्यार्थी आउने अनुदान रकम मासिक रूपमा भर्पाइ गराई नगद वितरण गर्ने गरेको र विद्यालय नआउने दिनको खाजा रकम नदिने गरेको बताए । यसबाट के बुझिन्छ भने विद्यालयले दिवा खाजा कार्यक्रमलाई झन्झटको रूपमा लिइ सिधै पैसा दिने सरल तरिका अपनाएको पाइयो ।

## वितरण प्रक्रिया

अध्ययन क्षेत्रका विद्यालयको अवलोकन गर्दा तथा उत्तरदाताहरूसँगको छलफलबाट विद्यलायको खाजा खाने वा वितरण गर्ने समय दिउँसो १:१५ बजे रहेको, उक्त समयभन्दा अगाडि कार्यालय सहयोगीले खाजा तयार पार्ने गरेको, सबैलाई बराबरी खाजा वितरण होस् भनेर करिब २५० ग्राम परिमाण पर्ने गरी एउटा भाँडोले नापेर वितरण गर्ने गरेको देखियो । यसका साथै खाजा खाने भाँडो वालबालिकाकले आफ्नै घरबाट ल्याउनुपर्ने निर्णय अभिभावक भेलाबाट पारित भएबमोजिम गरिएको पाइयो ।

## सरसफाइ

हरेक दिन विद्यालयमा दिवा खाजा पकाउने र खुवाउने भान्साकोठा, भाँडाकुँडा, प्लेट, कचौरा, खाने बस्ने ठाउँको सरफाइ तथा फोहोर विसर्जनमा विद्यालयले बढी ध्यान दिनुपर्छ । यसै सन्दर्भमा प्रा.वि. बेलुवाका वि.व्य.स का अध्यक्ष नरुलाल चौधरीलाई तपाईंको विद्यालयमा दिवा खाजा कार्यक्रममा सरसफाइको व्यवस्था कसरी गर्नुभएको छ भन्ने प्रश्न गर्दा उनको प्रतिक्रिया यस्तो रह्यो :

> *सबै पक्षमा ध्यान पुऱ्याइए पनि सरसफाइ भएन भने कुनै अर्थ रहँदैन । हामीले खाजा तयार पार्ने भान्सा कोठाको सफाइमा ध्यान दिएका छौं । पकाउनभन्दा पहिले भाडा र पकाउने बस्तुलाई धोइपखाली गर्छौं । विद्यार्थीहरूलाई खाजा खानुपूर्व आफ्नो प्लेट र हात धुन लगाई खाजा*

*खुवाउने गरेका छौं । कोठा सानो छ । चौरमा बसालेर खुवाउने गरिएकाले गर्मियाममा धुलो हुने गर्छ ।*

यसै विद्यालयका प्र.अ. छमा देवकोटालाई खुल्ला चउरमा दिवा खाजा खुवाउँदा सफा हुन्छ त ? भनी प्रश्न गर्दा वि.व्य.स. अध्यक्षको प्रतिक्रियामा सहमत जनाउँदै पकाउने कोठा एउटै भएको कारण गर्मी र धुवाले केटाकेटी बाहिर बस्न रुचाउने गरेको, खाजा कोठाको व्यवस्था गर्न पहल गरेको र अलग खाजा कोठाको व्यवस्था हुन सके यो कार्यक्रमको प्रभावकारिता अझै बढ्ने सुझाव पाइयो ।

## दिवा खाजा कार्यक्रमले विद्यार्थी भर्ना र विद्यालय नियमिततामा पारेको प्रभाव

अध्ययनका लागि छनोट गरिएका विद्यालयमा दिवा खाजा कार्यक्रम लागु भएपछि विद्यार्थी भर्ना र विद्यालय नियमिततामा कस्तो प्रभाव पारेको छ भन्ने खोजी गर्न विभिन्न प्रश्नावली, अभिलेख अध्ययन तथा अन्तरवार्ताको माध्यमबाट लिइएका सूचना तथा जानकारीहरूलाई विभिन्न उपशीर्षकहरूमा तल छलफल गरिएको छ :

### विद्यार्थी भर्ना

नेपाल सरकारले विद्यार्थीको भर्ना दर तथा विद्यालयको पहुँचमा वृद्धि गर्ने उद्देश्यले दिवा खाजा कार्यक्रम लागु गर्दै आएको छ । दाङ जिल्लामा पनि यो कार्यक्रम २०६६ सालदेखि लागु भएको हो । विद्यालयमा दिवा खाजा कार्यक्रम लागु भएपछि अपेक्षा गरेअनुसारको विद्यार्थी भर्ना हुन नसकेको देखिन्छ ।

यसै सन्दर्भमा सरयु प्रा.वि. सुर्केडाँगीका प्र.अ. केशवराज पोखेललाई दिवा खाजा कार्यक्रमले विद्यार्थी भर्नामा सहयोग पुऱ्याइएको छ ? भन्ने जिशासा राख्दा उनको भनाइ यस प्रकार रहेको छ :

विद्यालयमा विद्यार्थी संख्या बढाउने उपायहरूमध्ये यो एउटा महत्त्वपूर्ण कार्यक्रम हो । यसले थोरै विद्यार्थी बढाउने सहयोग गरे पनि सबै विद्यालयमा वृद्धि दर समानता छैन । हाम्रो विद्यालयमा ३२ प्रतिशतले वृद्धि भएको देखिन्छ भने प्रा.वि. मुसोट खोलामा १० प्रतिशत मात्र वृद्धि देखिएको छ । यसो हुनुमा दिवा खाजाका कार्यक्रमको व्यवस्थापनमा भएको कमिकमजोरी नै मुख्य कारण हो ।

उल्लिखित भनाइबाट दिवा खाजा कार्यक्रमको व्यवस्थापकीय कमजोरी तथा निजी बोर्डिङ स्कुलप्रति हुनेखाने अभिभावकको आकर्षण र लहडले विद्यालयमा विद्यार्थी भर्ना दर

अपेक्षित रूपमा वृद्धि हुन नसकेको पाइयो । तर यस कार्यक्रमले हुनेखानेलाई प्रभाव पार्न नसकेपनि गरिब निमुखा वर्ग र समुदायलाई प्रभाव पारि आफ्ना नानीहरूलाई विद्यालयमा पठाउने गरेको पाइयो ।

प्रा.वि. सुर्केडाँगी रामपुरमा दिवा खाजा कार्यक्रम लागु हुनु पूर्व (२०६५/०६६) कक्षा १-५ सम्म औसत विद्यार्थी संख्या १११ देखिन्छ भने यो कार्यक्रम विद्यालयमा कार्यान्वयन भएपछि (२०६९-०७०) औसत विद्यार्थी संख्या १४७ रहेको छ । अर्थात् ३२ प्रतिशतले विद्यार्थी संख्या वृद्धि भएको देखिन्छ । यसैगरी प्रा.वि. वेलुवामा दिवा खाजा कार्यक्रम लागु हुनुपूर्व औसत विद्यार्थी संख्या ४५ रहेको छ भने यो कार्यक्रम लागु भएपश्चात् विद्यार्थी संख्या  ५४ रहेको छ । यसरी हेर्दा यस विद्यालयमा २० प्रतिशतले विद्यार्थी संख्या वृद्धि भएको देखिन्छ ।

## विद्यार्थी नियमितता

शैक्षिक सत्रको सुरूमा विद्यालयमा भर्ना भइसकेपछि घरायसी कार्यबोझ, खराब स्वास्थ्य, अभिभावकको न्यून चेतना र लापरवाहीका कारण विद्यार्थीहरू विद्यालयमा अनुपस्थित हुने गरेको र भोक लागेर  दिउँदै घर जाने गरेकोमा दिवा खाजा कार्यक्रम लागु भएपछि यो प्रवृत्ति रोकिएर पुरै समय नियमित हुने गरेको पाइयो । दिवा खाजा कार्यक्रम लागु हुनुभन्दा पहिले १ महिनामा औसत उपस्थिति १४.६६ दिन रहेकोमा कार्यक्रम लागु भएपश्चात औसत १८.६८ दिन उपस्थिति अर्थात् ४.०२ दिनले विद्यार्थी उपस्थितिमा वृद्धि भएको देखिन्छ ।

उल्लिखित तथ्याङ्कलाई हेर्दा तथा दुवै विद्यालयका प्रधानाध्यापकहरूको धारणा बुझ्दा दिवा खाजा कार्यक्रमले विद्यार्थी भर्ना र नियमिततामा उल्लेख्य सकारात्मक प्रभाव पार्न नसकेको र यसको मुख्य कमजोरी दिवा खाजा कार्यक्रमको प्रभावकारी व्यवस्थापन नहुनु मुख्य कारण रहेको पाइयो ।

## दिवा खाजा कार्यक्रमको व्यवस्थापनमा देखिएका समस्याहरू

विद्यालय शिक्षाको लागि दिवा खाजा कार्यक्रमले बालबालिकाको विद्यलाय भर्ना र कक्षा नियमिततामा केही सकारात्मक प्रभाव पारे तापनि केही समस्या र चुनौतीहरू देखिएका छन् । विशेष गरी व्यवस्थापकीय पक्ष, भौतिक संरचना, कार्यक्रमप्रतिको अपनत्व, जनसहभागिता एवम् नियमित अनुगमन र सुपरिवेक्षण जस्ता पक्षमा मुख्य कमजोरी देखिएका छन् । सरोकारवाला पक्षसँगको खुला अन्तर्वार्ता र स्थलगत सर्वेक्षणबाट प्राप्त

सूचनाहरूको आधारमा शिक्षाका लागि खाद्य कार्यक्रमबाट प्रदान गरिएको खाद्यबस्तु र गैरखाद्य सामग्रीको ढुवानी, सुरक्षित भण्डारण, पकाउने ग्याँस, दाउरा र अलग भान्साघरको अभाव साथै खाने पकाउने भाँडाकुँडा, त्यसको सरसफाइ तथा तालिम प्राप्त भान्छे, शुद्ध खानेपानीको अभावजस्ता समस्याहरू विद्यालयले भोगेको पाइयो ।

दिवा खाजा कार्यक्रमको व्यवस्थापनमा सरकारी तथा दातृ निकायको अनुदानलाई मात्र मुख्य स्रोत बनाइनु, खाद्य कार्यक्रमले ढुवानी व्यवस्था विद्यालयसम्म नगरिदिने र त्यसको लागि अलग अनुदान पनि प्रदान नगर्ने, पकाउने इन्धनका साथै भान्छेलाई कुनै तलव सुविधा नभएको, त्यसको उत्तरदायित्व कसले निर्वाह गर्ने भन्ने सन्दर्भमा समस्या देखिएको छ । यसका साथै खाली टाउका गनेर दिएको पैसाले विद्यालयले खाजा कार्यक्रमका अन्य विषयमा व्यवस्थापन गर्न नसक्नु यस कार्यक्रमका व्यावहारिक समस्याहरु रहेका छन् । खाजा खान पाइन्छ भनेर बालबालिका विद्यालय आए पनि, विद्यालयमा अडिराखे तापनि यसबाट सिकाइमा महत्त्वपूर्ण भिन्नता र प्रभाव देखिँदैन । दिवा खाजा भण्डारको अभावमा नगद खाजा रकम बाँड्नुपर्ने बाध्यता रहेको पाइयो । विशेषगरी वर्षाको समयमा झरीले दाउरा भिज्ने र पकाउन गाह्रो हुने समस्या रहेको पाइयो । खाजा वितरण प्रणालीमा बराबर भएन, धेरै र थोरै भयो भन्ने गुनासाहरू तथा त्यसैलाई कारण बनाई अभिभावकहरूसमेत रिसाउने गरेको भेटियो । विद्यालयले ठिक समयमा विद्यालय आएका विद्यार्थीको तथ्याङ्क हेरी दैनिक खाजा पकाउने गरेको तर खाजा खान पाइने निहुँमा खाजा खाने समयमा मात्र विद्यार्थी टुप्लुक्क आउने गर्नाले सबैलाई खाजा नपुग्ने, केही तलमाथि हुने समस्याहरू देखिए । त्यसैगरी नगद बाँड्दा अभिभावकले पैसा लिने गरेको, अभिभावकले घरबाट खाजा नपठाइदिने गर्नाले पहिले जस्तै भोक लाग्यो भनेर विद्यार्थीहरू घर भाग्ने प्रवृत्ति यथावत रहेको पाइयो ।

विद्यालयमा सरोकारवाला पक्षहरूबिच सम्बन्ध र समन्वयको अभावले जनश्रमदान, आलोपालोको व्यवस्था ढुवानी र भण्डारण तथा खाजा पकाउने र खुवाउने जस्ता कार्यमा समस्या सिर्जना भएका देखिए । दिवा खाजा कार्यक्रम सबैको साझा कार्यक्रम भएतापनि यसमा अधिकतम् जनसहभागिता र सक्रियता देखिएन । यस कार्यक्रममा अनियमितता भएका छन्  भन्ने प्रतिक्रियाहरूले अपारदर्शिता रहेको स्पष्ट हुन्छ । हामीलाई खाजा मिठो हुँदा भाग थोरै र नमिठो हुँदा भाग धेरै पर्छ भन्ने बालबालिकाका प्रतिक्रियाले लक्षित वर्गलाई भन्दा सरमेडमहरूलाई बढी फाइदा पुगेको देखिन्छ । घरबाट खाजा आएको छैन भनी शिक्षकले विद्यार्थीहरूलाई गयल देखाई हिसाब मिलाएर खाने गरेको जनगुनासा र अनियमितता छ भन्ने भनाइहरूले दिवा खाजा कार्यक्रमको सम्बन्धित व्यक्ति वा

निकायबाट नियमित अनुगमन र सुपरिवेक्षण नभएको र यस कार्यक्रममा देखिएका समस्याहरू लाई निदान गरी समाधान गर्नेतर्फ ध्यान नपुगेको देखिन्छ ।

## दिवा खाजा कार्यक्रमलाई प्रभावकारी बनाउने उपायहरू

यस अध्ययनमा प्र.अ., शिक्षक, वि.व्य.स. अध्यक्षसँग प्रश्नावलीको माध्यमबाट लिइएका प्रतिक्रिया, बालबालिका र अभिभावकहरूसँगको कुराकानी र छलफलबाट प्राप्त सूचनाहरू, विद्यालय र दिवा खाजा कार्यक्रमको प्रत्यक्ष अवलोकनबाट प्राप्त सूचनाहरू तथा स्वयम् अध्ययनकर्ताको अन्तर्दृष्टिको आधारमा दिवा खाजा कार्यक्रमलाई व्यवस्थित र प्रभावकारी बनाउने उपायहरू निम्नानुसार रहेका छन् :

क) दिवा खाजा उपलब्ध गराउने निकायबिच निरन्तर अन्तर्क्रिया, सम्बन्ध र समन्वय हुनुपर्ने देखिन्छ ।

ख) दिवा खाजा कार्यक्रम सञ्चालन गर्ने निकायबाटै इन्धन, ढुवानी तथा भान्सेलाई समेत रकम थप गरी विद्यालयको खातामा पढाइदिनुपर्ने देखिन्छ ।

ग) सम्बन्धित निकायबाट पकाउने र भण्डारण गर्ने तरिकाबारे समय समयमा तालिम र अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

घ) प्रति विद्यार्थी प्रदान गरिएको अनुदान रकम रु १२/- ज्यादै न्यून भएकाले समयअनुसार नेपाल सरकार, स्थानीय निकाय तथा दातृ निकायहरूले वृद्धि गरी विद्यालयमा पठाउनुपर्दछ ।

ङ) स्थानीय हुनेखाने व्यक्ति, संघसंस्थाहरू वा दाताहरूलाई विद्यालयले आव्हान गरी दिवा खाजा कार्यक्रमलाई प्रभावकारी बनाउन सकिन्छ । साथै त्यस्ता व्यक्ति वा निकायलाई विद्यालयले सम्मानित गरेमा अरूलाई समेत यसतर्फ प्रेरित गर्न सकिन्छ ।

च) विद्यालयले नियमित रूपमा दिवा खाजा कार्यक्रमपश्चात् भाँडाकुँडा, वरिपरिको सरसफाइमा ध्यान दिनुपर्छ साथै स्वस्थ खानेपानीको लागि स्थानीय निकायहरूसँग समन्वय गरी व्यवस्थापन गर्नुपर्ने देखिन्छ ।

छ) कार्यक्रमलाई व्यवस्थित र प्रभावकारी बनाउन सम्बन्धित निकायबाट नियमित अनुगमन र सुपरिवेक्षण गरी देखिएमा समस्याहरूलाई व्यावहारिक रूपमा हल गर्नुपर्ने देखिन्छ ।

ज) यो एउटा साझा कार्यक्रम, प्रतिबद्धता र अभियानसमेत भएकाले विशेष गरी प्र.अ. र वि.व्य.स. अध्यक्षले जनसहभागिता अभिवृद्धि गर्ने कार्यमा सबैको साथ र सहयोग लिइ कार्य गर्नुपर्दछ ।

झ) यस कार्यक्रमलाई उद्देश्यमूलक र लक्षित वर्गसम्म पुऱ्याउन प्रभावकारी रूपमा कार्य गर्ने विद्यालयलाई सम्बन्धित निकायले सम्मान र पुरस्कारको व्यवस्था गर्नुपर्ने देखिन्छ ।

ञ) कार्यक्रमको पारदर्शीता र निष्पक्षता कायम गर्ने कार्यमा सम्बन्धित निकाय र विद्यालयले विशेष होशियारी पुर्‍याउनुपर्दछ अन्यथा कार्यक्रमको विश्वसनीयता घट्दै गई जनगुनासाहरू बढ्ने देखिन्छ ।

ट) विद्यालयले यस कार्यक्रमलाई भोक मेटाउने र विद्यालयमा टिकाइ राख्ने उद्देश्य मात्र नराखी बालबालिकाको सिकाइ र बानी विकास गर्ने विधिसँग जोड्नुपर्दछ ।

ठ) विद्यालयमा शिक्षाको लागि दिवा खाजा कार्यक्रम व्यवस्थापन गर्नका लागि सम्बन्धित विद्यालयले न्यूनतम् मापदण्ड जस्तै : बालमैत्री भवन, सिकाइमैत्री कक्षाकोठा, बालमैत्री वातावरण, अपाङ्गमैत्री पूर्वाधार जस्ता महत्त्वपूर्ण विषयहरू अनिवार्य रूपमा पूरा गर्नुपर्ने नीतिगत व्यवस्था शिक्षा मन्त्रालयले गर्नुपर्दछ ।

## निष्कर्ष

उच्च गरिबी, लैङ्गिक असमाता, विपन्न र पिछडिएको वर्ग तथा समुदायका लागि विद्यालयमा दिवा खाजा कार्यक्रम एउटा सकारात्मक तथा प्रभावकारी अभियानको रूपमा देखियो । यसको लक्ष्यअनुरूप उद्देश्य हालिस गर्ने र सबैलाई शिक्षाको मूलधारमा ल्याउने कार्यमा भने ज्यादै चुनौती रहेको पाइयो । विद्यालयमा बालबालिका खाजा खान पाइन्छ भनेर भर्ना र नियमित भएको तर दिवा खाजा कार्यक्रम सिकाइ विधि, पोषण र स्वास्थ्य विषयसँग जोडिएको पाइएन । विशेष गरी विद्यालयमा खाजा कार्यक्रमको व्यवस्थापनमा खाद्य दुवानी, भण्डारण, न्यून जनसहभागिता, पारदर्शिता र निष्पक्षताको समस्या रहेको भेटियो । तालिम अप्राप्त व्यक्तिले बनाएको खाजा र गुणस्तर नभएका खाद्यले बालबालिकाको स्वास्थ्यमा नकारात्मक प्रभाव पारेको पाइयो । बालबालिकालाई दिवा खाजाको लागि विद्यालयले प्रदान गर्ने पैसा अभिभावकबाट नै दुरूपयोग गरेको पाइयो । कार्यक्रम प्रदायक, कार्यान्वयन तथा व्यवस्थापनका साझेदारी निकायबिच निरन्तर अनुगमन, सुपरिवेक्षण, सम्बन्ध, समन्वय, सहकार्य र गृहकार्यको अभाव रहेको देखियो ।

सम्बन्धित निकायले विद्यालयमा प्रभावकारी दिवा खाजा कार्यक्रम व्यवस्थापन र कार्यान्वयन गर्न न्यूनतम् मापदण्ड निर्धारण गरेर निरन्तरता दिनुपर्ने छ । प्रत्येक अभिभावकका विशेषताहरूले बालबालिकाको शैक्षिक पहुँच र सफलतामा प्रभाव पार्दो रहेछ । न्यून आय भएका अभिभावकका बच्चालाई दिवा खाजाले मात्र उनीहरूको शिक्षामा पूर्ण प्रभाव पार्दो रहेनछ भन्ने यस अध्ययनको निष्कर्ष रहेको छ ।

## सन्दर्भ सामग्री


शिक्षा विभाग (२०७०), *बालमैत्री विद्यालय स्वमूल्याङ्कन स्रोत पुस्तिका,* भक्तपुर : लेखक ।

शिक्षा मन्त्रालय (२०७०), *शैक्षिक सूचना,* काठमाडौँ : लेखक ।

अधिकारी, तोयानाथ (२०७०), *शिक्षाका आधारहरू,* कीर्तिपुर : एकेडेमिक बुक सेन्टर ।

आत्रेय, शशिभ (२०१४), *पाल्पा जिल्लाको ग्रामीण र सहरी प्राथमिक तहका बालबालिका बिचको खाजा अभ्यास,* अप्रकाशित शोधपत्र, स्वास्थ्य, शारीरिक तथा जनसंख्या विभाग, त्रि.वि., कीर्तिपुर ।

काफ्ले, बासुदेव तथा ढकाल, हेमराज (२०६९), *शिक्षामा सामाजिक न्याय,* कीर्तिपुर : सनलाईट पब्लिकेसन ।

खनाल, पेशल (२०७०), *शैक्षिक अनुसन्धान पद्धति,* कीर्तिपुर : सनलाइट पब्लिकेसन ।

जनसंख्या विभाग (२०११), *नेपाली जीवनस्तर सर्वेक्षण,* काठमाडौँ : लेखक ।

पण्डित, यमुना (२०१४), *विदुर नगरपालिकाका मिनीबस कर्मचारीको खाद्य व्यवहार र यसले स्वास्थ्यमा पारेको प्रभाव,* अप्रकाशित शोधपत्र, स्वास्थ्य, शारीरिक तथा जनसंख्या विभाग, त्रि.वि., कीर्तिपुर ।

राष्ट्रिय योजना आयोग (२०६९), *नेपालमा बहुक्षेत्रीय पोषण कार्यान्वयन निर्देशिका,* काठमाडौँ : लेखक ।

रावल, गणेशबहादुर (२०७२), *विद्यालय शिक्षाका लागि खाजा कार्यक्रम व्यवस्थापन,* अप्रकाशित शोधपत्र, शिक्षाशास्त्र केन्द्रीय विभाग, त्रि.वि., कीर्तिपुर ।

भट्टराई, ज्ञानेश्वर र भट्टराई, कुमारप्रसाद (२०७१), *परीक्षा दिग्दर्शन,* काठमाडौँ : आषिक बुक हाउस प्रा.लि. ।

शर्मा, विष्णुप्रसाद (२०६८), *सामुदायिक विद्यालयमा दिवा खाजा कार्यक्रमले पारेको प्रभाव*, अप्रकाशित शोधपत्र, शैक्षिक योजना तथा व्यवस्थापन विभाग, त्रि.वि., कीर्तिपुर ।

सि.एस.ए.एन.एन. (२०१४), बहुक्षेत्रीय पोषण योजना लागु गरिएका जिल्लाको अध्ययन प्रतिवेदन, काठमाडौँ : पोषणका लागि शान्ति ।

सिंह, खडोन बहादुर (२०७१), दिवा खाजा कार्यक्रमसम्बन्धी नीतिगत व्यवस्था र वर्तमान अवस्थामा यसको सान्दर्भिकता, काठमाडौँ : शिक्षाका लागि खाद्य परियोजना ।

Afridi, Farzana (2007). *The impact of school meals on school participation:* Evidene from rural India. Suracause University.

Creswell, John, W. (2012). *Research design qualitative, quantitative and mixed method approach (Eds.).* New Delhi: Sage Publication India Pvt. Ltd.

Dreze, Jean & Kingdon, Geera (2001). School participation in rural India. *Rural of Deelopment Economics*, 5(1), 1-24.

Pant, Prem, Raj (2009). *Social science research and thesis writing (Eds.).* Kathmandu: Buddha Academic Publishers and Distributers Pvt. Ltd.

United Nations (2010). *High -level plenary meeting of the general assembly.* New York: KY. Rerieved from http:www.un.org.

United Nations (2011). *The millennium development goals reports 2011*. New York: KY. Rerieved from http:www.un.org.